# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६७)   काठमाडौं,   कात्तिक १४ गते, २०७४ साल   (संख्या ३५


## भाग ३

नेपाल सरकार

**भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना**

**व्यवस्थित बसोबास आयोग (पहिलो संशोधन) आदेश, २०७४**

व्यवस्थित बसोबास आयोग आदेश, २०७३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "व्यवस्थित बसोबास आयोग (पहिलो संशोधन) आदेश, २०७४" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **व्यवस्थित बसोबास आयोग आदेश, २०७३ को दफा ३ मा संशोधनः** व्यवस्थित बसोबास आयोग आदेश, २०७३ (यसपछि "मूल आदेश" भनिएको) को दफा ३ को उपदफा (१) को,-

(१) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) नेपाल सरकार (मन्त्रिपरिषद्) बाट नियुक्त एकजना - उपाध्यक्ष"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) खण्ड (च) मा रहेको "तीनजना" भन्ने शब्दको सट्टा "दुईजना" भन्ने शब्द राखिएको छ ।

(३) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

" (१क) नेपाल सरकार (मन्त्रिपरिषद्) ले उपदफा (१) को खण्ड (च) बमोजिमका विज्ञ सदस्य मध्येबाट एकजना उपाध्यक्ष नियुक्त गर्नेछ ।"

३. **<u>मूल आदेशको दफा ५ मा संशोधनः</u>** मूल आदेशको दफा ५ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) आयोगको सचिवालय अन्तर्गत रहने कर्मचारीको सञ्चालन, रेखदेख तथा प्रशासनिक काम कारबाही उपाध्यक्षले गर्नेछ ।"

४. **<u>मूल आदेशको दफा ६ मा संशोधनः</u>** मूल आदेशको दफा ६ को खण्ड (ञ) पछि देहायको खण्ड (ट) थपिएको छः-

" (ट) आयोगको अध्यक्षले गरि आएको आयोग सम्बन्धी काम कारबाही अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले गर्नु पर्नेछ ।"

५. **<u>मूल आदेशको दफा ११ मा संशोधनः</u>** मूल आदेशको दफा ११ मा रहेको "खण्ड (ग)" भन्ने शब्दहरुको सट्टा " खण्ड (ख)" भन्ने शब्दहरु राखिएका छन् ।

६. **<u>मूल आदेशको दफा २० मा संशोधनः</u>** मूल आदेशको दफा २० को उपदफा (१) र (२) को सट्टा देहायका उपदफा (१) र (२) राखिएका छन् :-

" (१) आयोगका उपाध्यक्ष र विज्ञ सदस्यलाई नेपाल सरकारका राज्यमन्त्री र विशिष्ट श्रेणीका पदाधिकारी सरहको पारिश्रमिक तथा अन्य सुविधा उपलब्ध गराईनेछ।

(२) आयोगको काममा खटिँदा अध्यक्ष, उपाध्यक्ष र सदस्यहरुलाई नेपाल सरकारका राज्यमन्त्री र विशिष्ट श्रेणीका पदाधिकारीहरु सरहको भ्रमण तथा दैनिक भत्ता उपलब्ध गराईनेछ।"

७. **<u>मूल आदेशको दफा २१ मा संशोधनः</u>** मूल आदेशको दफा २१ को उपदफा (३) मा रहेको "आयोगका" भन्ने शब्द पछि "उपाध्यक्ष," भन्ने शब्द थपिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. **मूल आदेशमा दफा २१क. थप:** मूल आदेशको दफा २१ पछि देहायको दफा २१क. थपिएको छः-

"२१क.उपाध्यक्षको योग्यता: दफा २१ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको योग्यता भएको व्यक्ति आयोगको उपाध्यक्ष पदमा नियुक्तिका लागि योग्य हुनेछः-

(क) भूमिप्रशासन वा कानूनी क्षेत्रका उच्च व्यवस्थापकीय कुनै सरकारी पदमा कम्तीमा पन्ध्र वर्षको अनुभव प्राप्त भएको,

(ख) मान्यता प्राप्त विश्वविधालयबाट मानविकी, जनप्रशासन वा कानून विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको, र

(ग) पैंतालीस वर्ष उमेर पूरा भएको ।"

९. **मूल आदेशको दफा २६ मा संशोधनः** मूल आदेशको दफा २६ मा रहेको "अध्यक्ष" भन्ने शब्द पछि " र उपाध्यक्ष" भन्ने शब्दहरु थपिएका छन् ।

१०. **मूल आदेशको दफा २६क. थप:** मूल आदेशको दफा २६ पछि देहायको दफा २६क. थपिएको छः-

"२६क.अधिकार प्रत्यायोजन: आयोगले यस आदेश बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार उपाध्यक्ष, सदस्य वा सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।"

**आज्ञाले,**
**शम्भु कोइराला**
**नेपाल सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।